लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
☎ ०८२-५९०४३७, ५९०४३८

पत्र संख्या:- २०८२/८३
चलानी नं.:- २१

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

मिति:२०८२/०४/०४

**विषय:- आर्थिक वर्ष २०८२।०८३ को बजेट कार्यान्वयन मार्गदर्शन।**

**प्रिय सहकारीज्यू,**

आर्थिक वर्ष २०८२।०८३ को लागि तहाँ मन्त्रालय/आयोग/सचिवालय र मातहतका निकायले गर्ने सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट खर्च गर्ने सम्बन्धमा प्रदेश विनियोजन ऐन, २०८२ प्रारम्भ भएको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐनको अनुसूची तथा व्यय अनुमानको विवरणमा उल्लिखित रकम सोही ऐन तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा १९ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था भएको हुँदा सो अनुसार प्रत्येक निकायका लागि विनियोजित रकमको प्रचलित कानुन बमोजिम खर्च गर्ने, गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने लगायतका जिम्मेवारी बहन हुने नै छ। आर्थिक वर्ष २०८२।०८३ को लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रदेश विनियोजन ऐन, २०८२ र अन्य प्रचलित कानूनमा भएका व्यवस्थाको अनिवार्य रूपमा परिपालना गर्नु गराउनु हुनेछ।

यसै सन्दर्भमा, आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा देहायका विषय समेत कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (४) बमोजिम मार्गदर्शन प्रेषित गरेको छु।

## (क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट:

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले बजेट कार्यान्वयन गर्ने निकायलाई सम्बन्धित बजेट उपशीर्षकको कुल त्रैमासिक सीमाभित्र रही बजेट निकासा गर्नेछ।

२. दशलाख वा सो भन्दा बढी रकम विनियोजन भएका पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरू (खानेपानी क्षेत्र बाहेकका) को प्याकेजिङ गरी सार्वजनिक सूचना मार्फत प्रतिष्पर्धा गराएर मात्र खरिद कार्य गर्नुहुनेछ।

३. चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा सवारी साधन खरिदमा बजेट विनियोजन भएको भए आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र खरिद प्रक्रिया अगाडि बढाउनुहुनेछ। साथै, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा तोकिएको मापदण्ड र भौगोलिक अनुकूलता समेतका आधारमा विद्युतीय सवारी साधन खरिदलाई प्राथमिकता दिनुहुनेछ।

४. बिभिन्न किसिमका कोष तथा अनुदान वितरण एवम् कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड र दिग्दर्शन असोज मसान्तभित्र तयार गर्नुहुनेछ। मन्त्रालय एवम् निकायबाट अनुदान प्राप्त गर्ने निकाय/लाभग्राही यकीन गरी पुस मसान्तभित्र विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

सचिव

(ख) **कार्यक्रम कार्यान्वयन कार्ययोजना:**

५. आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रगति विवरण र आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना समेत सम्वत् २०८२ साउन २५ गतेभित्र तयार गर्नु/गराउनु हुनेछ।

६. चालु आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको ठेक्का सम्झौता दोस्रो त्रैमासिक अवधिभित्र सम्पन्न गर्नुहुनेछ। फाल्गुन मसान्तपछि ठेक्का लगाउनु पर्ने विशेष कारण सिर्जना भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिएर मात्र ठेक्का सूचना प्रकाशन गर्नुहुनेछ।

७. आयोजनाको बहुवर्षीय खरिदमा स्रोत सहमति सम्बन्धी मापदण्डको पूर्ण पालना गर्नु गराउनु हुनेछ। स्रोत सहमति माग गर्दा मध्यमकालीन खर्च संरचनालाई समेत आधार लिनु पर्नेछ।

(ग) **बजेट निकासा तथा कार्यान्वयन:**

८. सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६ लगायतका कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु हुनेछ।

९. स्वीकृत कार्यक्रम तथा आयोजनामा विनियोजित रकमको परिधिभित्र रही कानून बमोजिम सिर्जित दायित्व भुक्तानीलाई प्राथमिकता दिनुहुनेछ। वार्षिक कार्यक्रमले नसमेटेका तर कानुन बमोजिम भुक्तानी दिनुपर्ने भनि प्रमाणित भएका दायित्व भुक्तानीको लागि प्रदेश विनियोजन ऐन, २०८२ बमोजिम आवश्यक व्यवस्था मिलाउनु हुनेछ। भुक्तानी दिन बाँकी प्रमाणित रकम सम्बन्धित आयोजना/कार्यक्रममा जुनसुकै त्रैमासिकमा विनियोजन भएतापनि भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ।

१०. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

११. प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई संवत् २०८२ साल पुस मसान्तभित्र सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्तो स्थानीय तहबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१२. प्रदेश विनियोजन ऐन, २०८२ को दफा ७ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत् कार्यान्वयन गराउनुपर्ने भएमा सोही दफा र सङ्घीय विनियोजन ऐनमा व्यवस्था भए बमोजिम २०८२ पुस मसान्तभित्र यस मन्त्रालयको पूर्व स्वीकृति लिई कार्यान्वयनको व्यवस्था मिलाउनु हुनेछ।

१३. प्रचलित कानुन बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका प्राधिकरण, बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट जुनसुकै प्रकृतिको अनुदान प्राप्त गरी

सचिव

कार्यसञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको रकम असार मसान्त भित्र प्रदेश सरकारलाई फिर्ता गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१४. स्वीकृत भएका बहुवर्षीय योजना/कार्यक्रम कार्यान्वयन गर्न प्राथमिकता दिनुहुनेछ। साथै, बहुवर्षीय आयोजनाहरूको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत अनुगमनको व्यवस्था मिलाइएकोले यस्ता आयोजनाहरुको भौतिक र वित्तीय प्रगति त्रैमासिक रुपमा यस मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश योजना आयोगमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

१५. प्रदेश अन्तर्गत विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायहरूसँग समन्वय गरी दोहोरो नपर्ने गरी स्वीकृत सार्वजनिक खर्चको मापदण्ड अनुरुप गर्ने व्यवस्था मिलाउनु हुनेछ। तालिम सञ्चालनको लागि छुट्टै निकाय स्थापना भएको हकमा त्यस्ता निकायबाट सञ्चालन हुने तालिम तथा कार्यक्रम मन्त्रालय र मातहतका निकायबाट सञ्चालन गर्नुहुने छैन।

१६. सङ्घीय सशर्त, समपुरक र विशेष अनुदानतर्फका कार्यक्रमलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गर्नुहुनेछ।

१७. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु हुनेछ। कानूनले सोही समयमा गर्नुपर्ने भनी तोके बाहेकका तालिम, गोष्ठी, सेमीनार, अन्तर्क्रिया जस्ता कार्यक्रम असार महिनामा सञ्चालन गर्नु गराउनु हुनेछैन।

१८. अन्तरप्रदेश अनुभव आदानप्रदान सम्बन्धी कार्यक्रम सम्पन्न भएको मितिले १५ दिन भित्र सो को प्रतिवेदन अनिवार्य रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

१९. कानुनद्वारा अनिवार्य रुपमा तोकिए बाहेकका प्रतिवेदन, विवरण वा सोही प्रकारका प्रकाशनको छपाई कार्यलाई निरुत्साहित गर्दै सम्बन्धित निकायको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

२०. लुम्बिनी प्रदेशको नयाँ प्रशासनिक भवन चालु आ.व. २०८२/०८३ भित्रै प्रयोगमा ल्याउने लक्ष्य राखिएकोले उक्त स्थानमा स्थानान्तरण हुने निकायको लागि फर्निचर,फर्निसिङ तथा मेशिनरी औजार खर्च शिर्षकमा विनियोजन भएको रकम नयाँ भवनमा सर्ने प्रयोजनको लागि बाहेक बढिमा २०% सम्म खर्च गर्न सक्नुहुनेछ। फर्निचर खरिद गर्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुहुनेछ।

२१. खर्च गर्ने निकायले कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत हुने रकमबाट सोही आयोजना वा कार्यक्रमसँग सम्बन्धित काममा पुनःठेक्का लगाउने वा खरिद सम्बन्धी थप काम गर्नु गराउनु हुनेछैन।

२२. मन्त्रालय/निकाय/कार्यालयले आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुहुने छैन। साथै, आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन तथा

सचिव

साइट क्लियरेन्स लगायतका पूर्व तयारी सम्बन्धी कार्य सम्पन्न भएपछि मात्र खरिद कार्य अगाडि बढाउनुहुनेछ।

२३. आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनु हुनेछ।

२४. त्रुटिपूर्ण डिजाइन र स्पेशिफिकेशन तयार गरी अस्वभाविक दायित्व सिर्जना गर्ने व्यक्तिलाई कानुन बमोजिम जवाफदेही बनाउनु हुनेछ।

२५. निर्माण सम्बन्धी कार्यहरूमा खरिद सम्झौता अनुसार काम भए/नभएको विषयमा अन्तर निकायको सहभागितामा अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुनेछ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानुन बमोजिम कारबाहीको दायरामा ल्याउनु हुनेछ।

२६. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना थप आर्थिक दायित्व सिर्जना गर्नु हुने छैन। सहमति बिना सिर्जना भएको थप दायित्वको व्यवस्थापन (निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुने छैन । यस्ता प्रकृतिका कार्य भएमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा ५६ को उपदफा (५) अनुसार हुने व्यहोरा जानकारी गर्नु/गराउनु हुनेछ।

२७. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि कुनै द्विविधा उत्पन्न भएमा यस मन्त्रालय र सम्बन्धित सङ्घीय मन्त्रालयसँग समन्वय गर्नुहुनेछ।

२८. आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति विना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, नयाँ संगठन स्थापना गर्ने र दरबन्दी भन्दा बढी कर्मचारी कुनै पनि निकायमा खटाउने कार्य गर्नु हुनेछैन।

२९. बेरुजु फछ्यौंट कार्यलाई उच्च प्राथमिकता दिई स्थायी दरबन्दी भित्रका कर्मचारीबाट नै बेरुजु फछ्यौंट सम्बन्धी कार्य गराउनु हुनेछ। सोको लागि करार वा ज्यालादारीमा कुनै कर्मचारी राख्नुहुनेछैन ।

३०. बजेट तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा सम्वत् २०८२ फागुन मसान्तसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको वा कार्यान्वयन हुन नसक्ने आयोजना/कार्यक्रमहरुको पहिचान गरी सो अवधिसम्म खर्च नभएको वा खर्च हुन नसक्ने आयोजना/कार्यक्रमहरुको बजेट चैत्र मसान्तभित्र अनिवार्य रुपमा समर्पण गर्नुहुनेछ।

३१. जिन्सी निरीक्षण प्रतिवेदनबाट मर्मत सुधार गर्दा समेत सञ्चालनमा नआउने भनी औंल्याइएका सवारी साधन, फर्निचर तथा मेशिनरी लगायतका सामग्रीहरू अनिवार्य रुपमा ६ महिनाभित्र लिलाम बिक्री गराउनु हुनेछ।

३२. आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/कार्यक्रम/ क्रियाकलापको नाम वा उद्देश्य एउटै भई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दोहोरो प्रविष्टि भएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनौट गरी दोहोरिएका अन्य

सचिव

आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट समर्पण गर्नु हुनेछ।

३३. विकास साझेदार एवम् गैर सरकारी क्षेत्रसँगको कुनै पनि प्रकारको बजेटरी वा गैरबजेटरी सहयोगमा प्रदेश सरकारको संरचनामार्फत खर्च हुने गरी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक कार्यक्रममा समावेश नभएका कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्नु परेमा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिने व्यवस्था मिलाउनु हुनेछ।

**(घ) बजेट खर्च, रकमान्तर, संशोधन तथा प्रतिवेदन:**

३४. प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा (६) अनुसार प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपूरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुहुनेछ।

३५. बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजना/ कार्यक्रममा बाहेक अन्यत्र रकमान्तर गर्न प्रस्ताव गर्नुहुनेछैन।

३६. पुँजीगत अनुदान/खर्च शीर्षकमा विनियोजित रकम चालु अनुदान/खर्च शीर्षकमा रकमान्तर गर्न प्रस्ताव गर्नुहुनेछैन ।

३७. कुनै आयोजनामा विनियोजन भएको बजेटभन्दा बढी खर्च गर्नुपर्ने भएमा प्रदेश विनियोजन ऐन, २०८२ को परिधिभित्र रही रकमान्तर स्वीकृत भएपछि मात्र कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुहुनेछ। भुक्तानीका बखत रकमान्तर प्रस्ताव गर्नुहुने छैन ।

३८. पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, पानी तथा बिजुली एवम् सञ्चार महसुलमा आगामी आर्थिक वर्षमा दायित्व नसर्ने गरी र जरिवाना तिर्नु नपर्ने गरी खर्च व्यवस्थापन गर्नुहुनेछ। यस्ता खर्च शीर्षकबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

३९. स्वीकृत दरबन्दी र बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ।

४०. नियमानुसारको कर कट्टी गरी भुक्तानी गर्नुपर्ने विषयमा भुक्तानी गर्दा अनिवार्य रूपमा नियमानुसार अग्रिम कर कट्टी गरी सम्बन्धित निकायमा जम्मा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४१. मेला, प्रदर्शनी एवम् महोत्सव जस्ता आयोजना सञ्चालनका लागि अनुदान दिंदा अनिवार्य रूपमा कर कट्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४२. विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी पश्चात कार्यान्वयन गर्ने भनी रकम विनियोजन भएका आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा यस मन्त्रालयको सहमति लिइ PLMBIS मा प्रविष्टी गराएर मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ। बहुवर्षीय आयोजना बाहेक चालु आर्थिक वर्षमा नै निर्माण सम्बन्धी खरिद प्रक्रिया अगाडि नबढ्ने आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारीमा खर्च गर्नुहुने छैन ।

सचिव

४३. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा त्रैमासिक रूपमा प्राप्त हुने हुँदा खर्चको विवरण मासिक रूपमा र प्रगति प्रतिवेदन त्रैमासिक रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

४४. सङ्घीय सशर्त, समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित सङ्घीय मन्त्रालय/निकायमा त्रैमासिक रुपमा पठाउनु हुनेछ। सङ्घीय सशर्त, समपुरक र विशेष अनुदानतर्फका कार्यक्रमलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गर्नुहुनेछ।

४५. अध्ययन अनुसन्धानको कार्य सम्भव भएसम्म संगठन भित्रकै जनशक्ति प्रयोग गरी सम्पन्न गर्नु/गराउनु हुनेछ।

४६. नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएका कुनै आयोजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएमा त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पेश गर्नुहुनेछ।

४७. भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाई सरकारी कोषको प्रभावकारी उपयोगका लागि मासिक नगद प्रवाह योजना तर्जुमा गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु हुनेछ। नगद प्रवाहलाई व्यवस्थित गर्न एउटा पार्टी/फर्मलाई एक महिनामा रु. १० करोडभन्दा बढीको भुक्तानी दिनुपर्ने भएमा १५ दिन अगावै आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा जानकारी गराउनु हुनेछ।

## (ङ) वित्तीय पारदर्शिता र जवाफदेहिता:

४८. बजेटमा समावेश आ-आफ्ना मन्त्रालय/ निकायका बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्ययोजना सहितको मन्त्रालयगत/निकायगत कार्यक्रम पुस्तिका सम्वत् २०८२ भाद्र मसान्तभित्र तयार गरी आफ्नो मन्त्रालय/निकायको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु हुनेछ।

४९. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी आयोजना तथा कार्यक्रमहरुको त्रैमासिक प्रगति यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

५०. प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको पूर्ण पालना गर्नु/गराउनु हुनेछ।

५१. कार्यालय प्रमुख/आयोजना प्रमुखको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजना वा कार्यालयको कार्य सम्पादन, प्रगति र बेरुजु फछ्यौंटसँग आबद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ।

सचिव

५२. वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइमा पेश गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

५३. सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने गरी प्राथमिकता दिने व्यवस्था मिलाउनु हुनेछ।

५४. आयोजना/कार्यक्रम कार्यान्वयन एवम् अनुगमन गर्दा सम्बन्धित स्थानीय तहसँग समेत समन्वय गर्ने व्यवस्था मिलाउनु हुनेछ।

## (च) आर्थिक मितव्ययिता एवम् चालु खर्चमा नियन्त्रण:

५५. आर्थिक वर्ष २०८२।०८३ मा चालु खर्चलाई निश्चित सीमाभित्र कायम राख्ने र आर्थिक मितव्ययिता कायम गर्न देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछः-

(क) कार्यालय सहयोगी एवम् सवारी चालक जस्ता पदहरूमा अति आवश्यक नभई पदपूर्ति नगर्ने वा सेवा करारमा लिने कार्य गर्नुहुने छैन। साथै, एकै व्यक्तिले एकभन्दा बढि काम गर्ने (जस्तैः सवारी चालक, कार्यालय सहयोगी एवम् निजी सहायक) बहुसीपयुक्त जनशक्ति सेवा करारमा लिने र त्यस्ता जनशक्तिबाट कार्यालय समय भरि नै सेवा लिने व्यवस्था मिलाउने,

(ख) मन्त्रालय/निकायले आफ्नो नियमित कार्य जिम्मेवारी अन्तर्गतको कार्यसम्पादन गर्दा बैठक भत्ता एवम् अतिरिक्त समय भत्ता प्रदान गर्नुहुने छैन। एकै समयमा बैठक भत्ता र अतिरिक्त समय भत्तामध्ये दुवै सुविधा उपलब्ध नगराउने,

(ग) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिएर गर्ने,

(घ) कार्यालय सञ्चालन र सेवासँग सम्बन्धित रकम खर्च गर्दा विनियोजित बजेटलाई आर्थिक वर्ष भरी पुग्नेगरी आनुपातिक हिसावले खर्च गर्ने व्यवस्था मिलाउने,

(ङ) प्रदेश सरकारको स्रोतबाट खर्च हुने गरी वैदेशिक भ्रमण स्वीकृत गर्नुअघि अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिने व्यवस्था मिलाउने।

(च) रु १० लाख भन्दा कम रकमका पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरु सम्बन्धित स्थानीय तह मार्फत कार्यान्वयन गर्न प्राथमकिता दिनुहुनेछ।

(छ) सञ्चित कोषलाई सन्तुलित र नगद प्रवाह व्यवस्थापनलाई सुदृढ बनाउन चालु आर्थिक वर्षमा गरिने सबै प्रकारका खरिदको भुक्तानी समयमै फरफारक गर्ने व्यवस्था मिलाउनुहुनेछ।

सचिव

लुम्बिनी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
☏ ०८२-५९०४३७, ५९०४३८

५६. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रचलित कानुनमा भएका व्यवस्था र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव तथा निर्देशनलाई अक्षरश: पालना गर्ने गराउने व्यवस्था मिलाउनु हुनेछ।

अन्त्यमा, आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सहकारीज्यूको सिर्जनात्मक, कुशल व्यवस्थापन एवम् नेतृत्वदायी भूमिकाको अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०८२।०८३ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको वेबसाइट https://moeap.lumbini.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(डिलाराम पन्थी)
सचिव

**श्री सचिव,**
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय, लुम्बिनी प्रदेश।

**संलग्न**
प्रदेश विनियोजन ऐन, २०८२ - थान १

**सादर अवगतार्थ:**
श्रीमान् प्रमुख सचिवज्यू,
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश।

**बोधार्थ:**
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश।
श्री लुम्बिनी प्रदेश योजना आयोग, राप्ती उपत्यका (देउखुरी), नेपाल।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।
श्री प्रदेश लेखा इकाइ कार्यालय (सबै), लुम्बिनी प्रदेश।
श्री सबै महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल।